# ८३ औं
# वार्षिक प्रतिवेदन
आ.व. २०७८/७९

**समयसँगै अघि बढ्दै... नेपालको पहिलो बैंक**

नेपाल बैंक लिमिटेड
काठमाण्डू

**स्थापित वि.सं. १९९४**

नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# सञ्चालक समिति



**गंगाप्रसाद ज्ञवाली**
अध्यक्ष
(नेपाल सरकारको तर्फबाट)



**केदार नाथ शर्मा**
सञ्चालक
(नेपाल सरकारको तर्फबाट)



**डा. सावित्री रञ्जित श्रेष्ठ**
सञ्चालक
(नेपाल सरकारको तर्फबाट)



**विवेक शम्शेर ज.व.रा.**
सञ्चालक
(सर्वसाधारण शेयरधनीको तर्फबाट)



**विष्णुकुमार अग्रवाल**
सञ्चालक
(सर्वसाधारण शेयरधनीको तर्फबाट)



**रोचन श्रेष्ठ**
सञ्चालक
(सर्वसाधारण शेयरधनी श्री कर्मचारी सञ्चय कोषको तर्फबाट)



**केशव प्रसाद भण्डारी**
कम्पनी सचिव


नेपाल बैंक
डबल धमाका
मुद्दती खाता
सावाँ रकम हुन्छ २ गुणा
मात्र ५ वर्ष ५ महिना २५ दिनमा
2X
नेपाल बैंक
डबल धमाका
रेमिटान्स
मुद्दती खाता
सावाँ रकम हुन्छ २ गुणा
मात्र ५ वर्ष ५ महिनामा
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
नेपालको पहिलो बैंक
www.nepalbank.com.np

# विषय सूची


| | | |
|---|---|---|
| १. | ६३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना | १ |
| २. | प्रतिनिधि (प्रोक्सी) फाराम | ३ |
| ३. | अध्यक्षको मन्तव्य | ५ |
| ४. | प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता | ७ |
| ५. | सञ्चालक समितिको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ | ९ |
| ६. | कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) अनुसारको अतिरिक्त विवरण | २७ |
| ७. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची १५ बमोजिमको वार्षिक विवरण | ३१ |
| ८. | नेपाल धितोपत्र बोर्डको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | ३४ |
| ९. | सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा २० (३) र (४) सँग सम्बन्धित विवरण | ३४ |
| १०. | लेखापरीक्षणको प्रतिवेदन | ३५ |
| ११. | Notes to the Financial Statements | ४६ |
| १२. | Key Financial Indicators | १०६ |
| १३. | प्रबन्धपत्रको दफा ५ (कख), ६ (ख), (ग), (घ) तथा १५ (२) मा प्रस्तावित संशोधनको तीन महले | १०८ |
| १४. | नियमावलीको नियम ५२ (२) मा प्रस्तावित संशोधनको तीन महले | १०९ |
| १५. | प्रादेशिक कार्यालय तथा शाखा सञ्जाल | ११० |
| १६. | एक्सटेन्सन काउण्टरहरु | ११९ |
| १७. | ATM स्टेशनहरु | १२० |
| १८. | सञ्चालक समितिका अध्यक्षहरुको नामावली | १२२ |
| १९. | प्रमुख कार्यकारी अधिकृतहरुको नामावली | १२३ |


NBL
CREDIT CARD
सपिङ गर्नलाई पैसा नभएर के भयो त...
नेपाल बैंकको CREDIT CARD छँदै छ नि।
FEATURES:
• Credit Card Limit from NPR 20,000 to 5,00,000.
• Interest Free Credit Period of Minimum 15 days to Maximum 45 days for Purchase Transactions.
• Valid Only in Nepal, India & Bhutan.
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
HEAD OFFICE: Dharmapath, Kathmandu
Tel.: 01-4247999, 9851091174
THE FIRST BANK OF NEPAL
www.nepalbank.com.np

# ६३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(२०७९ पौष ७ गतेको गोरखापत्र तथा २०७९ पौष ८ गतेको कारोबारमा प्रकाशित)

यस बैंकको सञ्चालक समितिको मिति २०७९/०९/०६ गते बुधबार बसेको सत्रौं बैठकबाट देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि निम्न मिति, स्थान र समयमा बैंकको ६३ औं वार्षिक साधारण सभा बस्ने निर्णय भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

१. साधारण सभा हुने मिति, स्थान र समय :

मिति : २०७९ पौष २९ गते शुक्रबार

स्थान : बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाडौं

समय : बिहान ११:०० बजे

२. **छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० को १० (दश) प्रतिशतका दरले हुन आउने रु.१,४४,०५,९०,४८३/१३ (अक्षेरुपी एक अर्ब चौवालिस करोड पाँच लाख नब्बे हजार चार सय त्रियासी र तेह्र पैसा मात्र) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृती प्रदान गर्ने।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु.१४,४०,५९,०४,८३१/३० को २ (दुई) प्रतिशतका दरले हुन आउने रु.२८,८१,१८,०९६/६३ (अक्षेरुपी अठ्ठाईस करोड एकासी लाख अठार हजार छ्यानब्बे र त्रिसठ्ठी पैसा मात्र) रकम बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,६९,४०,२२,९२७/९० (अक्षेरुपी चौध्र अर्ब उनन्सत्तरी करोड चालिस लाख बाईस हजार नौ सय सत्ताईस र नब्बे पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने।

२. बैंकको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

सञ्चालक समितिको आज्ञाले
केशव प्रसाद भण्डारी
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०७९/०९/१४ गते शेयरधनी दर्ता पुस्तिका (Book Close) बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०९/१३ गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागी हुन तथा आ.व. २०७८/७९ को लाभांश पाउन योग्य हुनेछन् ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही (DMAT) खाता खोलिएको प्रमाण/हितग्राही खाता नं./शेयर कित्ता संख्या तथा फोटो सहितको कुनै परिचयपत्र अनिवार्यरुपमा साथमा लिई सहभागी हुनुपर्नेछ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका उक्त दिन बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

४. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बिहान ११ बजेभित्र बैंकको शेयर रजिष्ट्रारको कार्यालय श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। प्रोक्सी नियुक्त गर्दा बैंकका शेयरधनीहरुलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ। एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान ११ बजेभित्र बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेडमा प्राप्त हुने गरी दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधिलाई मान्यता दिइनेछ। प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी स्वयम् सभामा सहभागी भएमा निजले दिएको प्रतिनिधि स्वतः बदर हुनेछ।

६. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत नियुक्त प्रतिनिधिले मात्र सभामा भाग लिन पाउने छन् ।

७. नाबालक तथा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीको तर्फबाट शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रतिनिधि नियुक्त गर्न सक्ने छन् ।

८. संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाको तर्फबाट बैंकको साधारण सभामा उपस्थित हुनको लागि मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रका साथ प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नुपर्नेछ।

९. बुदा नं. ४ र ५ को उल्लेखित दिन कुनै सार्वजानिक बिदा पर्न गएमा पनि सो दफामा उल्लेखित प्रयोजनका लागि कार्यालय कक्ष खुल्ला रहनेछ।

१०. शेयरधनी महानुभावहरुको जानकारीका लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ। साथै, वार्षिक साधारण सभामा प्रस्तुत छलफलका विषयहरु रहेको लेखापरीक्षणको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन बैंकको वेभसाइटमा पनि प्रकाशित गरिनेछ।

११. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय, सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

# प्रतिनिधि (प्रोक्सी) फाराम

श्री सञ्चालक समिति
नेपाल बैंक लिमिटेड
धर्मपथ, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................................जिल्ला ...................................न.पा./गा.पा.वडा नं............बस्ने म/हामी...........................................................ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०७९ साल पौष २९ गते शुक्रबारका दिन हुने ६३ औं साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिनका लागि .......................... जिल्ला ........................................................न.पा./गा.पा. वडा नं..........बस्ने त्यस बैंकका शेयरधनी श्री ........................................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

**मनोनित प्रतिनिधिको**
दस्तखत नमूना :

नाम :
शेयरधनी नं./हितग्राही नं. :
मिति :

**निवेदकको**
दस्तखत :

नाम :
ठेगाना :
शेयरधनी नं./हितग्राही नं. :
शेयर संख्या :

.......................................................................................................

## प्रवेश-पत्र

शेयरधनीको नाम ................................................ शेयर संख्या...................................
शेयरधनी नं./हितग्राही नं............................................. शेयरधनीको दस्तखत ........................

नेपाल बैंक लिमिटेडको मिति २०७९ साल पौष २९ गते शुक्रबारका दिन हुने ६३ औं साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

......................
कम्पनी सचिव



# अध्यक्षको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

मुलुकको पहिलो बैंकको रुपमा स्थापना भएको यस नेपाल बैंक लिमिटेडको ६३ औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु तथा अतिथि महानुभावहरुमा सञ्चालक समितिको तर्फबाट साथै मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

स्थापनाकाल देखि निरन्तर रुपमा नेपाली जनता माझ बैंकिङ्ग सेवा प्रदान गर्दै आएको यस बैंकले २०५४/५५ पछिका केही बर्षहरुमा बैंकको संस्थागत सुशासनमा देखिएको विचलनका कारण करिव दुई दशक भन्दा बढी समय लगानीकर्तालाई कुनै प्रतिफल दिन नसकेको अवस्थालाई चिर्दै गत चार बर्षदेखि निरन्तर लाभांश वितरण गर्न बैंक सफल भएको छ । कोभिडको महामारी तथा गत वर्षदेखि बैंकिङ्ग प्रणालीमा देखिएको लगानीयोग्य रकमको अभावको असरबाट हामि समेत अछुतो रहन सकेनौ तथापी लाभांसको निरन्तरता स्वरुप आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरणका आधारमा चुक्ता पूँजी को २ (दुई) प्रतिशत बोनस शेयर र १० (दश) प्रतिशत नगद लाभांश (लाभांश कर समेत गरी) वितरण गर्ने प्रस्ताव स्वीकृतिका लागि आजको यस गरिमामय सभा समक्ष पेश गर्न पाएकोमा मैले गौरव महसुश गरेको छु ।

बैंकले आफ्ना विभिन्न वित्तीय परिसूचकहरुमा निरन्तर प्रगति गर्दै समकालिन बैंक तथा वित्तीय संस्थाहरुसँग स्वच्छ प्रतिस्पर्धा गरिरहेको छ । बैंकिङ्ग बजारमा उपलब्ध सबै प्रकारका बैंकिङ्ग सेवाहरु उपलब्ध गराउँदै आएको यस बैंकले आफ्नो सेवा प्रवाहलाई आगामी दिनमा थप प्रविधिमैत्री तथा ग्राहकमैत्री बनाउँदै लैजाने, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई अझ मजबुत बनाउने, नियमनकारी निकायका निर्देशनको परिपालना तथा सम्पूर्ण सरोकारबालाहरुको हित संरक्षणका लागि अझ बढी दत्तचित्त भई अगाडी बढ्ने प्रतिबद्धता समेत सञ्चालक समितिको तर्फबाट व्यक्त गर्न चाहन्छु ।

मुख्यतः कोभिड-१९ महामारीको अवस्था पश्चात् डिजिटल बैंकिङ्गको दायरा फराकिलो रहेको एक पटक फेरी प्रमाणित भएको छ । डिजिटल बैंकिङ्गको आयतन बढ्दै जानु हाम्रा लागि अवसरको रुपमा रहेको छ । त्यस्तै, संघीयताको कार्यान्वयन सँग सँगै स्थानीय तहको आर्थिक गतिविधिमा भएको बढोत्तरी, जनमानसमा बढ्दो वित्तीय साक्षरता र वित्तीय पहुँच हाम्रा अवसर हुन ।

बैंकको डिजिटल बैंकिङ्गलाई थप सुरक्षित, प्रतिस्पर्धी र ग्राहकमैत्री बनाउँदै लैजान प्रविधिमा ठुलो लगानी गर्नुपर्ने साथै हाम्रा कर्मचारी तथा ग्राहकहरुलाई प्रविधिप्रति अभ्यस्त गराउँदै लैजानुपर्ने अवस्था छ। त्यस्तै, सञ्चालन लागत घटाउने, कर्मचारीको उत्पादकत्व वृद्धि गर्ने, युवा पुस्तालाई बैंकप्रति आकर्षित गर्ने, सुशासन तथा स्वअनुशासन कायम राख्ने र भौतिक सम्पत्तिको व्यवस्थापन गर्ने कार्य बैंकका आगामी दिनका चुनौतीहरु हुन। यसका साथै वैदेशिक मुद्रा सञ्चितिमा परेको दबाब, बाह्य क्षेत्रमा परेको चाप, बैकिङ्ग प्रणालीमा देखिएको लगानीयोग्य रकमको अभाव चुनौतीको रुपमा रहेका छन्। त्यस्तै, मर्जर पश्चात् धेरै ठूला भएका नीजि क्षेत्रका बैकहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने कार्य चुनौतीपूर्ण रहेका छन्।

नेपाल बैंकलाई अझ सशक्त र प्रतिस्पर्धी बनाउन हालको संगठन ढाँचालाई आवश्यकता र औचित्यताको आधारमा परिमार्जन गर्ने, प्रादेशिक कार्यालयको क्षमता तथा भूमिकालाई विस्तार गर्ने, शाखाहरुको कार्य सम्पादनलाई अझ नतिजामुखी र दिगो बनाउने, भौतिक सम्पत्तिको उचित व्यवस्थापन गर्ने लगायतका विषयहरुमा आवश्यक नीति तथा रणनीति तर्जुमा जस्ता कार्यहरु गरिरहेका छौं। यसबाट उपलब्ध अवसरको सदुपयोग गर्दै चुनौतीहरुको सामना गर्न बैंक सक्षम हुने विश्वास छ। सूचना प्रविधि तथा डिजिटाइजेशनमा आधारित बैंकिङ्ग सेवाहरू प्रदान गर्दै ग्राहक सेवालाई सहज र सरल बनाउन बैंक प्रतिवद्ध रहेको र बैंकले हाल प्रयोगमा ल्याइरहेको पुमोरी सफ्टवेयरलाई प्रतिस्थापन गरी बृहत दायरायुक्त सफ्टवेयर मार्फत बैंकको सेवा प्रवाहलाई थप प्रतिस्पर्धी बनाउने कार्य अगाडि बढाई सकिएको समेत जानकारी गराउन चाहन्छु।

अन्त्यमा, बैंकको व्यवसाय विस्तार तथा राज्यले लिएका नीतिहरु बीच तादात्म्य मिलाउँदै सम्पूर्ण सरोकारवालाहरुको हितको संरक्षण र सम्बर्द्धन गर्न बैंक सदैव प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु। बैंकको व्यवसाय विस्तार र सेवा प्रवाहमा सधैँ साथ र सहयोग गर्नु हुने शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, नेपाल सरकार, नियमनकारी निकाय, ट्रेड युनियनहरु तथा बैंकका कर्मचारी लगायत सम्पूर्ण सरोकारवालामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**गंगाप्रसाद ज्ञवाली**
**अध्यक्ष**
**सञ्चालक समिति**

मिति : २०७९ साल पौष २९ गते शुक्रबार



# प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता

**आदरणीय शेयरधनी महानुभावहरु,**

सार्वजनिक निजी सहकार्यको उदाहरणीय संस्था नेपाल बैंक लिमिटेडको ६३औं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, सञ्चालक समितिका अध्यक्ष तथा सदस्यज्यूहरु तथा उपस्थित अतिथि महानुभावहरुमा नेपाल बैंक लिमिटेडको व्यवस्थापन तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपाल राष्ट्रको पहिलो बैंकको रुपमा आज भन्दा ८५ वर्ष अघि स्थापना भएको नेपाल बैंक नेपालको बैंकिङ्ग क्षेत्रको ज्यूँदो इतिहास हो । आर्थिक क्षेत्रको धरोहर, बैंकिङ्ग सम्पदाका साथै मुलुकको जीवन्त बैंकिङ्ग संग्रहालय पनि हो । मुलुकको नाम सँग बैंकको नाम जोडिएकोले देशको फ्ल्यागसिप बैंकको रुपमा यसको स्थायित्व पनि अनन्तकालसम्म रहिरहनेछ भन्ने विश्वास लिएको छु ।

हाल नेपाल बैंकले करिब २३ लाख ग्राहकलाई वित्तीय सेवा प्रदान गरिररहेको छ । मुलुकका विभिन्न स्थानमा फैलिएका २२६ शाखा, ५२ एक्स्टेन्सन काउन्टर, १९९ एटिएमबाट सुरक्षित र स्वस्थ बैंकिङ्ग अभ्यास गरिरहेको छ । परम्परागत बैंकिङ्ग निक्षेप र कर्जाका अतिरिक्त क्यू.आर.कोड, प्रिपेड कार्ड, डलर कार्ड, डिम्याट खाता, अनलाईन खाता, मोबाईल बैंकिङ, इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता भएको नेपाल बैंकले आधुनिक वित्तीय उपकरण मार्फत सेवा प्रवाह गरिरहेको छ । २६ ओटा शाखाबाट सरकारी ढुकुटी अर्थात नोटकोष सञ्चालन गरी सरकारी मुद्रा व्यवस्थापनमा सहयोग गरिरहेको छ । एक करोड रुपैयाँ अधिकृत पूँजीबाट शुरु भएको नेपाल बैंकले खर्बौंको निक्षेप संकलन गरी कर्जा प्रवाह गरेर कारोबार गरिरहेको छ । नयाँ सडक जुद्ध शालिक अगाडि यही परिसरमा १२ जना कर्मचारी नियुक्त गरेर सञ्चालनमा आएको नेपाल बैंक आज मुलुकभर फैलिएको छ ।

व्यवसायमा स्तरोन्नती भई वासलातको आकार वृद्धि भएको, शाखा सञ्जाल विस्तार भई पूर्वमा ताप्लेजुङको सिरिजंगा देखि पश्चिममा दार्चुलाको गोकुलेश्वरसम्म पुगेको, खराब कर्जा अनुपात घट्न गई कर्जाको गुणस्तरमा वृद्धि भएको, रिजर्भको वृद्धि भइरहेको, आधार ब्याजदर न्यूनतम रहनुका साथै पर्याप्त मात्रामा पुँजीकोष कायम रहन गएको छ । २३ वर्षसम्म शेयरधनीले प्राप्त गर्न नसकेको लाभांश विगत तीन वर्षदेखि लगातार वितरण गर्दै आएको र यस पटक समेत

लाभांश वितरणका लागि सभा समक्ष पेश गरिएको छ। आगामी दिनमा समेत बैंकको संरचनागत सुधार गरी सन्तुष्ट ग्राहक सेवा मार्फत बैंकको रणनीतिक लक्ष्य कार्यान्वयन गर्दै शेयरधनीको धन वृद्धि गर्ने र लाभांशको रुपमा समुचित प्रतिफल प्रदान गर्ने गरी आगामी दिनको कार्यदिशा तय गरिएको व्यहोरा समेत यस गौरवमय सभा समक्ष पेश गर्न चाहन्छु।

अन्त्यमा बैंक सञ्चालनमा नीति तर्जुमा गर्दै अभिभावकको रुपमा भूमिका निर्वाह गर्नुहुने सिङ्गो सञ्चालक समितिलाई हार्दिक धन्यवाद दिन चाहान्छु। साथै, यस बैंकलाई निरन्तर सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, अन्य नियामक निकायहरु, शेयरधनी, ग्राहकवर्गहरु तथा कर्मचारीहरु समक्ष आभार प्रकट गर्न चाहन्छु। यस बैंकको श्रीवृद्धिको लागी सरोकारवालाबाट विगतको जस्तै साथ र सहयोग आगामी दिनमा समेत अविछिन्न रुपमा रहनेछ भन्ने आशा र विश्वास समेत व्यक्त गर्दछु।

**कृष्ण बहादुर अधिकारी**

**प्रमुख कार्यकारी अधिकृत**

# सञ्चालक समितिको वार्षिक प्रतिवेदन
# आर्थिक वर्ष २०७८/७९

## आदरणीय शेयरधनी महानुभावहरु,

नेपाल बैंक लिमिटेडको ६३ औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट पुनः हार्दिक स्वागत गर्दै २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन, सो उपर लेखापरीक्षकको मन्तव्य स्वीकृतिको लागि यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

### १. देशको आर्थिक तथा बैंकिङ्ग परिसूचकहरु :

आर्थिक वर्ष २०७८/७९ को वार्षिक तथ्याङ्कमा आधारित रही नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको देशको आर्थिक तथा वित्तीय स्थितिका आधारमा उक्त अवधिको देशको आर्थिक तथा बैंकिङ्ग परिसूचकहरुको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ।

#### क. आर्थिक वृद्धिदर :

आर्थिक वर्ष २०७८/७९ मा देशको अर्थतन्त्र ५.८४ प्रतिशतले वृद्धि हुने अनुमान केन्द्रीय तथ्याङ्क विभागको रहेको छ। आर्थिक वर्ष २०७७/७८ को संशोधित अनुमान अनुरुप उक्त अवधिको आर्थिक वृद्धिदर ४.२५ रहेको थियो।

समीक्षा वर्ष २०७८/७९ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.३० प्रतिशत, १०.१९ प्रतिशत र ५.९३ प्रतिशत रहेको अनुमान छ। कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९५ प्रतिशत, १४.२९ प्रतिशत र ६१.७६ प्रतिशत रहेको छ।

#### ख. मुद्रास्फीति :

आर्थिक वर्ष २०७८/७९ को अन्त्यमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ। २०७८ आषाढमा यस्तो मुद्रास्फीति ४.१९ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ५.६९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ६.८३ प्रतिशत रहेको छ।

#### ग. वैदेशिक व्यापार :

समीक्षा वर्ष २०७८/७९ मा कुल वस्तु निर्यात ४१.७ प्रतिशले वृद्धि भई रु.२०० अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ४४.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ४५.९ प्रतिशत र ३०.४ प्रतिशतले वृद्धि भएको निर्यात चीनतर्फ भने २०.४ प्रतिशतले घटेको छ। वस्तुगत आधारमा पाम तेल, ऊनी गलैंचा, धागो (पोलिष्टर तथा अन्य), जिङ्क शिट, जुस लगायतका वस्तुको निर्यात बढेकोमा सोयाविन तेल, अलैंची, चिया, औषधी (आयुर्वेदिक), तार लगायतका वस्तुको निर्यात घटेको छ।

कुल वस्तु आयात आर्थिक वर्ष २०७८/७९ मा २४.७ प्रतिशतले वृद्धि भएर रु.१९२० अर्ब ४५ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आयात २८.७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात २३.५ प्रतिशतले र चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १३.२ प्रतिशत र

३६.३ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, स्पन्ज आइरन, सुन लगायतका वस्तुको आयात बढेकोमा एम.एस.विलेट, सिमेन्ट, धान तथा चामल, दाल, मेडिकल उपकरण लगायतका वस्तुको आयात घटेको छ।

समीक्षा वर्ष २०७८/७९ मा कुल वस्तु व्यापार घाटा २३.० प्रतिशतले वृद्धि भई रु.१७२० अर्ब ४२ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो घाटा २७.३ प्रतिशतले बढेको थियो।

अघिल्लो वर्ष २०७७/७८ मा ९.२ प्रतिशत रहेको निर्यात-आयात अनुपात समीक्षा वर्षमा १०.४ प्रतिशत पुगेको छ।

### घ. विप्रेषण आप्रवाह :

समीक्षा वर्ष २०७८/७९ मा विप्रेषण आप्रवाहमा ४.८ प्रतिशतले वृद्धि भई रु.१००७ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ९.८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य वृद्धि भई ३,५४,६६० पुगेको छ।

### ङ. चालु खाता एवम् शोधानान्तर स्थिति :

अघिल्लो वर्ष रु.३३३ अर्ब ६७ करोड घाटामा रहेको चालु खाता समीक्षा वर्ष २०७८/७९ मा रु.६२३ अर्ब ३३ करोड घाटामा रहेको छ।

समीक्षा वर्षमा पूँजीगत ट्रान्सफरमा ३४.५ प्रतिशतले ह्रास आई रु.९ अर्ब ९९ करोड पुगेको साथै खुद प्रत्यक्ष वैदेशिक लगानी ४.९ प्रतिशतले कमी आई रु.१८ अर्ब ५६ करोड कायम भएको छ।

आर्थिक वर्ष २०७८/७९ मा शोधानान्तर स्थिति रु.२५५ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष शोधानान्तर स्थिति रु.१ अर्ब २३ करोडले बचतमा रहेको थियो।

### च. विदेशी विनिमय सञ्चिति :

समीक्षा वर्ष २०७८/७९ को अन्त्यमा कुल विदेशी विनिमय सञ्चिति अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.१ प्रतिशतले कमी आई रु.१२१५ अर्ब ८० करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग ७.८ महिनाको वस्तु आयात र ६.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने विदेशी विनिमय सञ्चिति रहेको छ।

### छ. निक्षेप परिचालन :

आर्थिक वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ९.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्ष यस्तो निक्षेप २१.४ प्रतिशतले वृद्धि भएको थियो। २०७९ आषाढमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.९ प्रतिशत, २७.६ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ। २०७९ आषाढ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३८.३ प्रतिशत रहेको छ।

### ज. कर्जा प्रवाह :

समीक्षा वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो कर्जा २७.३ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १२.७ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह १३.९ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह २९.८ प्रतिशतले वृद्धि भएको छ।

२०७९ आषाढ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये ६६.४ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६.१ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो।

समीक्षा वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा १९.७ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.० प्रतिशतले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.७ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १३.३ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ८.७ प्रतिशतले बढेको छ।

समीक्षा वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २८.४ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १३.३ प्रतिशतले, डिमाण्ड तथा चालु पूँजी कर्जा १५.२ प्रतिशतले र रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १७.५ प्रतिशतले बढेको छ। ट्रष्ट रिसिट (आयात) कर्जा ६१.९ प्रतिशतले, मार्जिन प्रकृति कर्जा २४.३ प्रतिशतले र हायर पर्चेज कर्जा २.२ प्रतिशतले घटेको छ।

### झ. ब्याजदर :

९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २०७९ आषाढमा १०.६६ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ब्याजदर ४.५५ प्रतिशत रहेको थियो। वाणिज्य बैंकहरुबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७९ आषाढमा ६.९९ प्रतिशत रहेकोमा यस्तो ब्याजदर २०७८ आषाढमा ४.१२ प्रतिशत रहेको थियो। वाणिज्य बैंकहरुको औसत आधार दर, निक्षेपको भारित औसत ब्याजदर तथा कर्जाको भारित औसत ब्याजदर २०७९ आषाढमा क्रमशः ९.५४ प्रतिशत, ७.४१ प्रतिशत र ११.६२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ब्याजदर क्रमशः ६.८६ प्रतिशत, ४.६५ प्रतिशत र ८.४३ प्रतिशत रहेका थिए।

## २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो कुरा :

सन् २०२० बाट विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ ले मानव जनजीवन र विश्व आर्थिक गतिविधिमा पारेको प्रतिकूल प्रभाव खोपको सर्वसुलभ उपलब्धतासँगै कम हुन पुगेको छ। यद्यपि कोरोना भाइरसको स्वरुपमा देखिने परिवर्तनले महामारी पुनः दोहोरिने खतरा कायम नै रहेको छ। पछिल्लो केही समयदेखि रुस र युक्रेनबीचको युद्धका कारण विश्वव्यापी आपूर्ति श्रृङ्खलामा आएको अवरोधले ईन्धन तथा खाद्यान्न लगायतका वस्तुहरुको मूल्य वृद्धि हुँदा महामारीपछिको विश्व अर्थतन्त्रको पुनरुत्थान थप चुनौतीपूर्ण बन्न पुगेको छ।

कोभिड-१९ को प्रभाव न्यून हुँदै जाने पूर्वानुमान, रुस र युक्रेनबीचको युद्ध अझै केही समय लम्बिने, रुसमाथि थप आर्थिक प्रतिबन्ध लाग्न सक्ने र पेट्रोलियम पदार्थको मूल्यमा थप वृद्धि हुन सक्ने अनुमानका आधारमा विश्व अर्थतन्त्र सन् २०२२ मा ३.६ प्रतिशतले विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ।

कोभिड-१९ को असर कम भएसँगै देशको अर्थतन्त्र सामान्य तर्फ उन्मुख भएको छ। तथापि विश्व अर्थतन्त्रमा देखिएको प्रभाव, पेट्रोलियम पदार्थको मूल्यवृद्धि, वित्तीय क्षेत्रमा परेको तरलताको चाप, बाह्य क्षेत्र स्थायित्वमा देखिएको चुनौती, विदेशी विनिमय सञ्चितिमा देखिएको कमी आदि कारणले बैंकको कारोबारमा समेत असर पर्ने देखिएको छ।

## ३. बैंकको विगत वर्षको कारोवारको सिंहावलोकन :

यस बैंकको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरणहरु नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) अनुरुप तयार पारिएको छ। समीक्षा वर्ष र अघिल्लो आर्थिक वर्षको वित्तीय विवरणका प्रमुख सूचकाङ्कहरुको तुलनात्मक अवस्था देहाय बमोजिम रहेको छ।

(रकम रु. लाखमा)

| **वासलात** | **आर्थिक वर्ष २०७८/७९** | **आर्थिक वर्ष २०७७/७८** | **परिवर्तन** |
|---|---|---|---|
| शेयर पूँजी | १४,४०,५९ | १२,६३,६८ | १४.००% |
| सञ्चित मुनाफा | ३,४२,२२ | ३,७३,२४ | -८.३१ % |
| जगेडा तथा कोषहरु | १७,६३,५५ | १६,४१,४१ | ७.४४ % |
| कर्जा | १,७७,६४,०१ * | १,४१,९५,९१* | २५.१३ % |
| निक्षेप | १,९७,१६,६८ | १,६३,६२,२५ | २०.५० % |
| लगानी | ४२,७८,६९ | ३०,००,९३ | ४२.५८ % |
| **नाफा नोक्सान हिसाब** | **आर्थिक वर्ष २०७८/७९** | **आर्थिक वर्ष २०७७/७८** | **परिवर्तन** |
| खुद ब्याज आम्दानी | ६,७१,४६ | ६,४२,०४ | ४.५८ % |
| कुल सञ्चालन आम्दानी | ८,०६,९९ | ८,१८,९० | -१.४५ % |
| सञ्चालन मुनाफा | ३,६३,७५ | ४,३४,७७ | -१६.३४ % |
| खुद मुनाफा | २,९२,३३ | २,९६,१२ | -१.२८ % |
| **अनुपातहरु** | **आर्थिक वर्ष २०७८/७९** | **आर्थिक वर्ष २०७७/७८** | **परिवर्तन** |
| पूँजीकोष | १५.०५ % | १६.८० % | -१.७५ |
| निष्कृय कर्जा | १.८३ % | २.०५ % | -०.२२ |
| प्रति शेयर आम्दानी | रु.२०.२९ | रु.२३.४३ | -१३.४० % |

* बैंक तथा वित्तीय संस्था तथा ग्राहकलाई दिएको कर्जा तथा सापटी समावेश।

### शेयर पूँजी :

आर्थिक वर्ष २०७७/७८ मा शेयरधनीहरुलाई १४ प्रतिशतका दरले बोनस शेयर वितरण गरिएसँगै आर्थिक वर्ष २०७८/७९ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु.१४ अर्ब ४० करोड ५९ लाख ४ हजार ८ सय ३१ कायम हुन गएको छ।

### सञ्चित मुनाफा :

आ.व. २०७७/७८ मा रु.३ अर्व ७३ करोड २४ लाख रहेको सञ्चित मुनाफाबाट रु.१ अर्ब ७१ करोड ६३ लाख बोनस तथा नगद लाभांश वितरण गरिएको साथै नियमनकारी व्यवस्था बापत रु.५२ करोड ४६ लाख नियमनकारी कोषमा समायोजन गरिएकोमा समीक्षा वर्षमा शेयर बिक्रीबाट रु.८६ लाख र वितरण योग्य मुनाफा रु.१ अर्ब ९२ करोड २१ लाख जम्मा हुन गई आर्थिक वर्ष २०७८/७९ को अन्त्यमा सञ्चित मुनाफा रु.३ अर्ब ४२ करोड २२ लाख कायम भएको छ।

### जगेडा तथा कोषहरु :

गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा जगेडा तथा कोषहरु ७.४४ प्रतिशतले वृद्धि भएको छ।

### कर्जा :

थप निक्षेप संकलन हुन नसकी बैंकिङ्ग क्षेत्रको स्रोत परिचालनमा चाप परेको अवस्थाका बाबजुद आर्थिक वर्ष २०७८/७९ मा बैंकको समग्र कर्जामा २५.१३ प्रतिशतको बढोत्तरी हासिल भएको छ।

### निक्षेप :

समीक्षा अवधिमा बैंकको कुल निक्षेप गत आर्थिक वर्षको तुलनामा २०.५० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९७ अर्ब १६ करोड ६८ लाख पुगेको छ। कुल निक्षेपमा ग्राहकहरुको निक्षेप रु.१ खर्ब ९६ अर्ब ७ करोड ६१ लाख र बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप रु.१ अर्ब ९ करोड ६ लाख रहेको छ।

आर्थिक वर्ष २०७८/७९ को अन्त्यमा बैंकमा कायम कुल निक्षेपमा बचत निक्षेपको अंश ३६.४९ प्रतिशत, मुद्दती निक्षेपको अंश ३५.२४ प्रतिशत, चल्ती निक्षेपको अंश २०.१३ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश ०.०३ प्रतिशत र बाँकी अन्य निक्षेपको अंश रहेको छ।

### लगानी :

आर्थिक वर्ष २०७८/७९ मा बैंकको लगानीमा ४२.५८ प्रतिशतले बढोत्तरी हुन गई रु.४२ अर्ब ७८ करोड कायम भएको छ। नेपाल सरकारको ट्रेजरी विल तथा विकास ऋणपत्रमा भएको लगानीले उक्त बढोत्तरी हासिल हुन गएको हो।

आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तसम्म नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रमा बैंकले रु.३८ अर्ब ७० करोड ५७ लाख लगानी गरेको छ। त्यस्तै, उक्त अवधिमा बैंकले संगठित संस्थाहरुको शेयरमा रु.४ अर्ब ८ करोड ११ लाख लगानी गरेको छ।

### खुद ब्याज आम्दानी :

आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्ष २०७८/७९ मा बैंकको खुद ब्याज आम्दानीमा ४.५८ प्रतिशतको वृद्धि भएको छ। समीक्षा अवधिमा ब्याज खर्चमा ७७.९० प्रतिशतले वृद्धि भए तापनि ब्याज आम्दानी भने ३८.३० प्रतिशतले वृद्धि भएको कारण खुद ब्याज आम्दानीमा समेत सामान्य बढोत्तरी हासिल हुन गएको हो।

### कुल सञ्चालन आम्दानी :

आर्थिक वर्ष २०७७/७८ मा रु.८ अर्ब १८ करोड ९० लाख रहेको बैंकको कुल सञ्चालन आम्दानी समीक्षा वर्ष २०७८/७९ मा १.४५ प्रतिशतले ह्रास भई रु.८ अर्ब ६ करोड ९९ लाख रहेको छ।

### सञ्चालन मुनाफा :

बैंकले आर्थिक वर्ष २०७७/७८ मा रु.४ अर्ब ३४ करोड ७७ लाख सञ्चालन मुनाफा आर्जन गरेकोमा आर्थिक वर्ष

२०७८/७९ मा रु.३ अर्ब ६३ करोड ७५ लाख सञ्चालन मुनाफा आर्जन गरेको छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १६.३४ प्रतिशतको कमी हो।

**खुद मुनाफा :**

बैंकले आर्थिक वर्ष २०७७/७८ मा रु.२ अर्ब ९६ करोड १२ लाख खुद मुनाफा गरेकोमा समीक्षा वर्ष २०७८/७९ मा १.२८ प्रतिशतले कमी आई रु.२ अर्ब ९२ करोड ३३ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ।

समीक्षा वर्षमा बैंकिङ्ग क्षेत्रको स्रोत परिचालनमा चाप परेको साथै बैंकिङ्ग प्रणालीमा निक्षेप तथा कर्जाको ब्याजदर वृद्धि भएको भएता पनि बैंकको खुद मुनाफामा सामान्य वृद्धि हासिल हुन गएको छ।

**पूँजीकोष :**

आर्थिक वर्ष २०७७/७८ मा १६.८० प्रतिशत रहेको बैंकको पूँजीकोषको अनुपात समीक्षा वर्ष २०७८/७९ मा कुल जोखिम भारित सम्पत्तिको १.७५ विन्दुले घटेर १५.०५ प्रतिशत पुगेको छ।

**निष्कृय कर्जा :**

आर्थिक वर्ष २०७७/७८ मा २.०५ प्रतिशत रहेको बैंकको निष्कृय कर्जा ०.२२ विन्दुले घटेर समीक्षा वर्ष २०७८/७९ मा १.८३ प्रतिशत पुगेको छ।

**प्रति शेयर आम्दानी :**

समीक्षा वर्ष २०७८/७९ मा बैंकको प्रति शेयर आम्दानी रु.२०.२९ रहेको छ जुन आर्थिक वर्ष २०७७/७८ मा रु.२३.४३ रहेको थियो।

## ४. चालु आर्थिक वर्ष २०७९/८० को प्रथम त्रयमासमा हासिल उपलब्धीहरु :

२०७९ आश्विन मसान्तसम्म बैंकको कुल निक्षेप रु.१ खर्ब ९६ अर्ब ५८ करोड १९ लाख, कुल कर्जा सापट रु.१ खर्ब ७३ अर्ब ५४ करोड २० लाख र लगानी रु.३५ अर्ब ७२ करोड ८८ लाख रहेको छ। बैंकको जगेडा तथा कोषमा रु.१८ अर्ब ७८ करोड ५० लाख रहेको छ। त्यसैगरी, बैंकले उक्त अवधिमा रु.६० करोड ४० लाख खुद मुनाफा आर्जन गरेको छ।

निष्कृय कर्जा अनुपात अघिल्लो वर्षको सोही अवधिको तुलनामा केही वृद्धि भई २.३६ प्रतिशत पुगेको छ। त्यस्तै, आर्थिक वर्ष २०७९/८० को प्रथम त्रयमासमा पूँजीकोष अनुपात १५.४३ प्रतिशत रहेको छ।

२०७९ आश्विन मसान्तसम्ममा बैंकको प्रमुख वित्तीय झलक निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| विवरण | रकम (रु. लाखमा) |
|---|---:|
| शेयर पूँजी | १४,४०,५९ |
| जगेडा तथा कोषहरु | १८,७८,५० |
| निक्षेप दायित्व | १,९६,५८,१९ |
| लगानी | ३५,७२,८८ |
| कर्जा सापट | १,७३,५४,२० |
| खुद ब्याज आम्दानी | १,९०,७१ |

| | |
|---|---|
| सञ्चालन मुनाफा | ७९,४० |
| बोनस तथा कर पछिको खुद मुनाफा | ६०,४० |
| **विवरण** | **प्रतिशत** |
| निष्कृय कर्जा (प्रतिशत) | २.३६% |
| पूँजीकोष अनुपात (प्रतिशत) | १५.४३% |

## ५. बैंकको भावी योजनाहरु :

यस बैंकको भावी योजनाहरु देहाय बमोजिम रहेका छन् ।

क. बैंकलाई Digitally Enabled Bank को रुपमा विकास गर्नका निमित्त आवश्यक भौतिक, संगठनात्मक तथा नीतिगत पूर्वाधारको विकास गर्ने ।

ख. ग्राहक सेवालाई थप सरलीकृत, प्रभावकारी एवम् Automation गर्दै लैजानको लागि Business Process Re-engineering कार्यान्वयन गरी बैंकको सञ्चालन कार्य क्षमता अभिवृद्धि गर्ने ।

ग. आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ, सबल र प्रभावकारी बनाउँदै वित्तीय अनुशासनको उच्च परिपालनामा जोड दिइने ।

घ. कर्मचारीहरुको उत्पादकत्व अभिवृद्धिका लागि पर्याप्त प्रशिक्षण र उत्प्रेरणात्मक कार्य वातावरण मार्फत निर्माण गरिने ।

ङ. बैंक व्यवसाय वृद्धि गर्न व्यावसायिक सम्भावनाको आधारमा शाखा विस्तार गर्ने र अन्य स्थानमा Digital Reach बढाइने ।

च. ट्रेजरी व्यवस्थापन, रेमिट्यान्स, गैह्र कोषमा आधारित व्यावसायिक कारोबार लगायतमा अभिवृद्धि गर्दै गैह्र ब्याज आम्दानीका श्रोतहरुको विस्तार गर्ने ।

छ. सञ्चालन खर्चमा मितव्ययिता अपनाई बैंकको समग्र खर्चमा आर्थिक अनुशासन कायम गर्ने ।

ज. नेपाल सरकारले तोकेका प्राथमिकताका क्षेत्रहरु तथा नेपाल राष्ट्र बैंकको निर्देशित कर्जा लगानीका क्षेत्रहरुमा विशेष ध्यान दिई कर्जा विस्तार कार्य अगाडि बढाइने ।

झ. अपलेखित कर्जा, खराब कर्जा असुली तथा गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री मार्फत निष्कृय कर्जा व्यवस्थापन अगाडि बढाइने ।

ञ. बैंकमा लामो समयदेखि हिसाब मिलान हुन नसकेको सरकारी कारोबार हिसाब लगायतका पुराना हिसाब राफसाफ गर्न विशेष जोड दिइने ।

ट. बैंकको शाखा सञ्जाल विस्तार, प्रादेशिक कार्यालयको व्यवस्था तथा रणनीतिक योजनासँग तादाम्यता रहने गरी संगठनात्मक संरचनालाई समयानुकूल फेरबदल गरिने ।

ठ. बैंकको जोखिम व्यवस्थापनको दायरालाई थप फराकिलो बनाउँदै लगिने ।

ड. नियमनकारी निकायको निर्देशन तथा अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा बैंकको अनुपालनको अवस्थालाई थप मजबुत बनाउँदै लैजाने ।

ढ. बैंकको व्यवसायमा लघु साना तथा मझौला कर्जा, रिटेल कर्जा तथा कृषि कर्जाको अंश वृद्धि गर्दै लैजान नयाँ प्रोडक्ट जारी गर्ने तथा सरलीकृत कर्जा प्रकृया अपनाइने ।

ण. बजारको माग तथा आवश्यकता अनुसार युवा, संस्थागत तथा अन्य ग्राहक लक्षित नयाँ निक्षेप प्रोडक्टको विकास गरी निक्षेप परिचालनमा जोड दिइने ।

त. विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरुको माध्यमबाट बैंकको व्यवसाय अभिवृद्धिमा जोड दिइने ।

## ६. कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :

बैंकले आफूसँग सम्बद्ध सबै सरोकारवालाहरुसँग व्यवसायिक तथा सौहार्दपूर्ण सम्बन्ध कायम राख्दै आएको छ। आगामी दिनमा समेत व्यवसायिक सम्बन्ध थप प्रगाढ पार्ने विश्वासका साथ बैंकले आफ्ना गतिविधिहरु सञ्चालन गरिरहेको छ।

## ७. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण :

हाल बैंकको सञ्चालक समितिमा अध्यक्ष र पाँच जना सञ्चालक रहेका छौं। आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्दै सञ्चालक समितिको अध्यक्षको जिम्मेवारीमा रहनुभएका श्री सुमनराज अर्यालको स्थानमा म (गंगाप्रसाद ज्ञवाली) ले २०७९ श्रावणदेखि कार्यभार सम्हाल्दै आएको छु। त्यस्तै, सञ्चालक समितिमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्दै आउनुभएका श्री रितेश कुमार शाक्यको स्थानमा २०७९ आषाढबाट उक्त मन्त्रालयकै सहसचिव श्री केदारनाथ शर्मा मनोनयन भई आउनुभएको छ।

यस बैंकको ६१ औं वार्षिक साधारण सभामा सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित श्री कर्मचारी सञ्चय कोषको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएका श्री ओमकृष्ण श्रेष्ठको स्थानमा २०७९ पौषबाट श्री रोचन श्रेष्ठ नियुक्त भई आउनुभएको जानकारी गराउँदछौं। स्वतन्त्र सञ्चालक श्री दीपेन्द्र विक्रम थापाले २०७९ श्रावणमा राजीनामा दिनुभए पश्चात् हाल स्वतन्त्र सञ्चालकको पद रिक्त रहेको छ।

सञ्चालक समितिमा रहेर पुऱ्याउनुभएको योगदानका लागि अध्यक्ष श्री सुमनराज अर्याल तथा सञ्चालक श्री रितेश कुमार शाक्य, श्री ओमकृष्ण श्रेष्ठ र श्री दीपेन्द्र विक्रम थापाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

## ८. कारोबारलाई असर पार्ने मुख्य कुराहरु :

बैंकको कारोबारलाई असर गर्ने मुख्य कुराहरु तल उल्लेख गरिए अनुसार रहेका छन् :

क. बैंकिङ्ग प्रणालीमा देखिएको लगानीयोग्य रकमको अभाव सहज हुन लाग्न सक्ने थप समयावधि।

ख. बैंकिङ्ग प्रणालीमा नयाँ निक्षेप सृजना हुन नसकेको कारण कर्जा विस्तारमा देखिएको संकुचन।

ग. लगानीमा रहेको पुनर्कर्जा र स्थानीय तहको रकम निक्षेपमा गणना गर्न पाउने व्यवस्थाका सम्बन्धमा नियामक निकायको नीतिगत व्यवस्थामा आउने परिवर्तन।

घ. मुलुकको बाह्य क्षेत्र स्थायित्वमा देखिएको चुनौती ।

ङ विदेशी विनिमय सञ्चितिमा परेको चाप ।

च. विप्रेषण आप्रवाहमा आउन सक्ने उतार चढावबाट बैंकिङ्ग क्षेत्रको श्रोत परिचालनमा पर्न जाने चाप ।

छ. कोभिड-१९ पछिको आर्थिक पुनरुत्थानका क्रममा बढ्दो बजेट घाटा (Fiscal Deficit), राजश्व परिचालनमा आएको कमी र सार्वजनिक ऋणमा परेको चाप ।

ज. पट्रोलियम पदार्थ, खाद्यान्न लगायतका वस्तुको मूल्यमा भएको चर्को मुल्यवृद्धिले निम्त्याएको बढ्दो मुद्रास्फीति ।

झ. आयातमा परेको चापका कारण व्यापार घाटामा भएको बढोत्तरी ।

ञ. रोजगारी सिर्जना, आर्थिक तथा सामाजिक विकास, आन्तरिक उत्पादनमा वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि नेपाल सरकारले लिएका नीति ।

ट. बैंकिङ्ग क्षेत्रमा देखिएको तीव्र प्रतिस्पर्धा, तरलतामा अभावका कारण निक्षेप लागतमा भएको वृद्धिले ब्याज आम्दानीमा परेको असर ।

ठ. सूचना प्रविधि तथा डिजिटल कारोबारमा वृद्धि भएसँगै देखापरेका विभिन्न जोखिमहरुको व्यवस्थापन र न्यूनीकरण ।

ड. कृषि, उर्जा, पर्यटन, लघु साना एवम् मझौला उद्यम लगायतका क्षेत्रमा निश्चित प्रतिशतसम्म लगानी गर्नुपर्ने केन्द्रीय बैंकको नीति ।

ढ. नेपाल राष्ट्र बैंकले लिने नीतिगत परिवर्तनबाट बैंकको कारोबारमा पर्न जाने असर ।

ण. सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियम, कानून र अभ्यासहरुको परिपालना ।

## ९. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :

यस बैंकको लेखापरीक्षण प्रतिवेदनमा हिसाब मिलान हुन नसकेको बैंकको अन्तर शाखा हिसाब तथा विप्रेषण कारोबार, लामो समयदेखि हिसाब मिलान हुन नसकेको सरकारी कारोबार तथा त्रिभुवन विश्वविद्यालयको हिसाब साथै नेपाल राष्ट्र बैंकले लाभांश वितरण र कर्मचारीहरुलाई बोनस वितरण नगरी जगेडा तथा कोषमा राख्न निर्देशन दिएको रकम लगायतका कैफियतहरु उल्लेख भएको छ ।

बैंकको अन्तर शाखा हिसाब राफसाफ (Inter Branch Reconciliation) गर्ने कार्यमा विशेष केन्द्रित भई अन्तर शाखा हिसाब मिलानको अवस्थामा सुधार ल्याउन एउटा अलग्गै हिसाब मिलान डिभिजन गठन भई छिमल्ने प्रयास जारी रहेको तथा सो को प्रगति विवरण त्रैमासिक रुपमा लेखापरीक्षण समितिमा छलफल गरी नेपाल राष्ट्र बैंकमा समेत पेश गर्ने गरिएको छ । लामो समयदेखि हिसाब मिलान नभएका र पहिचान हुन नसेकेका कारोबारहरुको हिसाब मिलान गर्ने तर्फ आवश्यक प्रकृया अगाडि बढेको र सो मा प्रगति भइरहेको जानकारी गराउँदछौं ।

बैंकले सरकारी कारोबारको शोधभर्ना नेपाल राष्ट्र बैंकबाट नियमित रुपमा प्राप्त गरिरहेको छ । नेपाल राष्ट्र बैंकमा रहेको यस बैंकको खातामा रहेको मौज्दातको प्रमाणीकरण नियमित रुपमा यस बैंकको ट्रेजरी विभाग मार्फत भइरहेको छ । हिसाब मिलान नभएका केही पुराना कारोबारहरुको हकमा आवश्यक प्रकृया अगाडि बढेको

छ। त्रिभुवन विश्वविद्यालयको पेन्सनको हकमा विगतमा शाखाहरुबाट वितरण हुने गरेकोमा हाल उक्त कारोबार केन्द्रिकृत रुपमा यस बैंकको किर्तिपुर शाखाबाट भइरहेको हुँदा शोधभर्ना र हिसाब मिलानमा कुनै समस्या नहुने व्यहोरा जानकारी गराउँदछौं।

साथै शेयरधनीहरुलाई लाभांश वितरण गर्न नपाउने तथा बैंकको कर्मचारीहरुलाई बोनस बाँड्न नपाउने गरी सञ्चित नाफा नोक्सान हिसाबमा रहेको रु.१,१९,७८,७४,०८४/- नेपाल राष्ट्र बैंकको मिति २०७९/०९/०६ को प.सं. बैं.सु.वि./अफसाइट/एजिएम/१४८/२०७९-८० बमोजिम बैंकको पूँजीकोष सबलीकृत गर्न स्थाई प्रकृतिको साधारण जगेडा कोषमा रकमान्तरण गर्न निर्देशन प्राप्त भएको समेत जानकारी गराउँदछौं।

माथि उल्लिखित बाहेक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बैंकको नियमित कारोबारसँग सम्बन्धित अन्य कैफियतहरुका सम्बन्धमा समेत सञ्चालक समितिको ध्यानाकर्षण भएको छ। लेखापरीक्षकबाट प्राप्त सुझाव र प्रतिक्रिया बमोजिम कैफियत सुधारका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन दिइसकेका छौं।

## १०. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरण :

बैकिङ्ग कारोबारमा अन्तर्निहित विभिन्न प्रकारका जोखिमहरुको नियन्त्रणका लागि बैंकले आफ्नो आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउँदै लगेको छ। यसका लागि प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको नीति, निर्देशनको परिधिभित्र रही बैंकले विभिन्न नीति, नियम, विनियम तथा निर्देशिकाहरु तर्जुमा गर्ने तथा समयानुकूल संशोधन/पुनर्लेखन गर्ने गरिएको छ।

बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन क्रियाशील रहेको निरीक्षण तथा आन्तरिक लेखापरीक्षण विभागले सञ्चालक समिति मातहतको लेखापरीक्षण समितिबाट स्वीकृत वार्षिक लेखापरीक्षण योजनाको अधिनमा रही आफ्नो कार्य सञ्चालन गरिरहेको छ। यस क्रममा बैंकका विभिन्न शाखा/कार्यालयहरुको नियमित, आकस्मिक तथा विशेष लेखापरीक्षण गर्ने गरिएको छ।

यसका साथै बैंकिङ्ग कारोबारका क्रममा देखापर्ने विभिन्न जोखिमहरुको पहिचान, मापन, अनुगमन, नियन्त्रण र रिर्पोटिङ्गका लागि सञ्चालक समिति मातहतको जोखिम व्यवस्थापन समितिको मार्गदर्शनमा जोखिम व्यवस्थापन विभागले कार्य गरिरहेको छ। त्यस्तै, नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम बैंकको अनुपालनाको स्थितिको नियमित अनुगमन गर्नका लागि गठित कम्प्लायन्स विभागले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको मार्गदर्शनमा आफ्ना काम कारबाही अगाडि बढाइरहेको छ।

यस अलावा बैंक उच्च व्यवस्थापन तहमा सम्पत्ति दायित्व व्यवस्थापन समिति, कर्जा कमिटी, कर्जा असुली समिति, IT Steering Committee, ब्राण्ड तथा व्यवसाय प्रवर्द्धन समिति, संस्थागत सामाजिक उत्तरदायित्व समिति, पदपूर्ति समिति, अनुशासन समिति, अपरेशन कमिटी, Procurement Evaluation Committee, लगायतका समितिहरु आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन क्रियाशील रहेका छन्।

## ११. बैंकिङ्ग सञ्जाल विस्तार :

बैंकले प्रधान कार्यालय तथा सात वटै प्रदेशमा प्रादेशिक कार्यालय सहित २०७९ पौष २० सम्म ७१ वटा जिल्लामा रहेका २२६ शाखा कार्यालय, ५२ वटा एक्सटेन्सन काउन्टर तथा १९९ वटा ATM मार्फत बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आएको छ।

बैंक व्यवसाय अभिवृद्धिका लागि व्यवसायिक सम्भाव्यता भएका स्थानहरुमा शाखा विस्तार गर्दै लगिएको छ। देशका सबै जिल्लाहरुमा बैंकको उपस्थिति रहने गरी शाखा कार्य विस्तार गर्ने योजना रहेको छ। साथै, उपयुक्त स्थानमा Digital Reach मार्फत बैंकको सञ्जाल विस्तार गर्दै लगिने छ।

## १२. सूचना प्रविधि तथा डिजिटाइजेशन :

ग्राहकहरुको माग र समयको आवश्यकता बोध गरी बैंकले सूचना प्रविधि तथा डिजिटाइजेशन मार्फत बैंकिङ्ग सेवालाई सहज र सरल बनाउँदै लगेको छ। साथै, आगामी दिनमा सूचना प्रविधि तथा डिजिटाइजेशनका क्षेत्रमा थप लगानी गर्दै बैंकिङ्ग सेवालाई गुणस्तरीय बनाउन बैंक प्रतिवद्ध रहेको छ।

बैंकले हाल Mobile Banking, E-Banking, Debit Card, Credit Card, Travel Card, Prepaid Dollar Card, POS, QR Payment, Online Account Opening, Fixed Deposit Online Account Opening, Online DMAT Account Opening, Smart Teller with QR Code Scanning जस्ता प्रविधिमा आधारित सेवाहरु प्रदान गरिरहेको छ। यसका साथै नागरिक Apps मार्फत समेत बैंकको Online Account खोल्न सकिने सुविधा समेत उपलब्ध रहेको छ।

बैंकको आन्तरिक कार्य प्रणालीलाई सूचना प्रविधि मार्फत थप चुस्त दुरुस्त बनाउने सिलसिलामा बैंकले कर्जा प्रशोधनका लागि Document Management System (DMS), Gold Loan Process Digitization, Green Pin for Debit/Credit Card लगायतको प्रयोग गरिरहेको छ। यस्तै, बैंकले हाल प्रयोगमा ल्याइरहेको Pumori IV CBS Software प्रतिस्थापन गरी नयाँ Web Based Core  Banking Solution खरिद गर्ने प्रकृया समेत अगाडि बढाएको छ।

## १३. ग्राहक सम्बन्ध सुधार :

बैंकले सदैव सुमधुर ग्राहक सम्बन्ध कायम राख्दै दिगो बैंकिङ्गको अवधारणालाई जोड दिँदै आएको छ। बैंकबाट ग्राहकको माग र चाहना बमोजिमका नवीनतम सेवा सुविधा प्रदान गर्न आवश्यक प्रयासहरु बैंकले निरन्तर गरिरहेको छ। त्यस्तै, बैंक सेवा प्रवाहका क्रममा देखिएका प्रकृयागत जटिलतालाई कम गर्दै ग्राहक सेवामा प्रभावकारिता ल्याउन कर्मचारीको व्यवहार तथा कार्यालयको वातावरणलाई ग्राहकमैत्री बनाउन बैंकले विभिन्न कार्यक्रमहरु अगाडी बढाइरहेको छ।

बैंकको इमेल ठेगाना gunaso@nepalbank.com.np तथा info@nepalbank.com.np, टेलिफोन, मोबाइल बैंकिङ्ग App मा रहेको Dispute Lodge Section लगायत वेभसाइटमा रहेको अनलाईन पोर्टल मार्फत ग्राहकहरुले बैंकको दैनिक काम कारबाही तथा ग्राहक सेवाको क्रममा देखिएका कमी कमजोरीहरुसँग सम्बन्धित गुनासो राख्न सक्ने व्यवस्था मिलाइएको छ। यसका साथै नेपाल सरकारको हेलो सरकार तथा नेपाल राष्ट्र बैंकको गुनासो पोर्टल मार्फत पनि सरोकारबालाहरुले आफ्ना गुनासाहरु प्रेषित गर्न सक्नेछन्। यसरी विभिन्न माध्यमबाट प्राप्त ग्राहकहरुको गुनासोको प्रभावकारी रुपले समाधानका लागि सुशासन डिभिजनले सहजीकरण गरिरहेको छ। बैंकको गुनासो सुनुवाई गर्ने कार्यलाई सुव्यवस्थित बनाउनका साथै यस क्रममा देखिने अष्पष्टता हटाई गुनासो व्यवस्थापन गर्न गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यविधि जारी गरिएको छ।

## १४. नेपाल सरकारको नीतिसँग तादात्म्य :

आफ्ना शाखा कार्यालयहरु मार्फत सरकारी कारोबार, राजश्व संकलन, पेन्सन तथा सामाजिक सुरक्षा भत्ता वितरण, भूकम्प पीडित जनतालाई अनुदान वितरण गर्दै आएको बैंकले ब्याज अनुदानमा आधारित सहुलियतपूर्ण कर्जा लगानीको माध्यमबाट उद्यमशिलता तथा रोजगारीको सृजना लगायत सरकारको वित्तीय नीतिले निर्देश गरेका विषयहरूको कार्यान्वयनमा बैंकले सहयोग पुऱ्याउँदै आएको छ।

नेपाल सरकारबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम बैंकले कार्यविधिमा तोकिएका क्षेत्रहरुमा ऋण प्रवाह गरिरहेको छ। जस अन्तर्गत २०७९ आषाढ मसान्तको अन्त्यमा ६२४९ जना ग्राहकहरुमा रु.२५ अर्ब २२ करोड ५५ लाख ८२ हजार कर्जा लगानी गरेको छ।

संघीय सरकारको सबै नेपालीको बैंकमा खाता खोल्ने अभियानमा सक्रिय रुपमा सहभागिता जनाउने क्रममा कुनै पनि बैंकमा खाता नभएका नेपाली जनताले यस बैंकमा समृद्ध नेपाल अभियान बचत खाता खोलेमा बैंकको तर्फबाट रु.१००/- जम्मा गरिदिने व्यवस्था गर्दै आइएको छ। यस व्यवस्था अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा २,०२४ वटा ग्राहकको खाता खोलिएको छ।

## १५. कर्जा लगानी तथा व्यवस्थापन :

बैंकले कर्जा प्रवाह गर्दा बैंकको Credit Policy Guidelines, कार्य सञ्चालन निर्देशिका भाग २ (कर्जा निर्देशिका), Valuation Guidelines, सहुलियतपूर्ण कर्जा सम्बन्धी निर्देशिका एवम् नेपाल राष्ट्र बैंकबाट जारी भएका नीति निर्देशनहरुको कार्यान्वयनको सुनिश्चिता गर्ने गरिएको छ।

बैंकले २०७८ पौषको कुल कर्जाको आधारमा २०७९ आषाढ मसान्तसम्ममा बैंकले नेपाल राष्ट्र बैंकले तोकेको प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत कृषि क्षेत्रमा १२.४८ प्रतिशत र जलविद्युत/उर्जाको क्षेत्रमा ६.३९ प्रतिशत कर्जा लगानी गरेको छ। त्यस्तै, एक करोडसम्मका लघु, साना तथा मझौला उद्योगमा १७.८८ प्रतिशत र विपन्न वर्गमा कर्जामा ६.४० प्रतिशत कर्जा लगानी गरेको छ।

बैंकले २०७९ आषाढ मसान्तसम्म करिब ७२५ मेगाबाट क्षमताका ३० वटा जलविद्युत परियोजनामा विभिन्न बैंक तथा वित्तीय संस्थाको सहवित्तीयकरणमा सहभागी भई कर्जा लगानी गरेको छ। जस मध्ये १४ वटा परियोजना सञ्चालनमा रहेका र १६ वटा परियोजना निर्माणाधीन अवस्थामा रहेका छन्। उक्त परियोजनाहरुका लागि कूल रु.२० अर्ब ९८ करोड ८२ लाख कर्जा सीमा स्वीकृत भएकोमा २०७९ आषाढ मसान्तसम्म रु.११ अर्ब १ करोड ६८ लाख कर्जा मौज्दात रहेको छ।

त्यसैगरी, बैंकले २०७९ आषाढ मसान्तसम्म विभिन्न ८ वटा सिमेन्ट तथा १० वटा स्टिल उद्योगहरुमा विभिन्न बैंक तथा वित्तीय संस्थाको सहवित्तीयकरणमा सहभागी भई कर्जा लगानी गरेको छ। उक्त अवधिमा सिमेन्ट उद्योगहरुमा प्रवाहित कर्जाको मौज्दात रु.१० अर्ब ६९ करोड ६६ लाख र स्टिल उद्योगहरुमा प्रवाहित कर्जाको मौज्दात रु.७ अर्ब १८ करोड ५ लाख रहेको छ।

## १६. जोखिम व्यवस्थापन :

बैंकको दैनिक कार्य सञ्चालनका क्रममा देखिने सञ्चालन जोखिम, बजार जोखिम, कर्जा जोखिम, तरलता जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम लगायतका जोखिमको पहिचान, अनुगमन तथा व्यवस्थापन

गर्न सञ्चालक समिति, सञ्चालक समिति मातहतको जोखिम व्यवस्थापन समिति तथा बैंक उच्च व्यवस्थापन सदैव सजग रहेको छ।

यस बैंकको जोखिमको पहिचान र न्यूनीकरणका लागि प्रमुख जोखिम अधिकृतको जिम्मेवारीमा छुट्टै जोखिम व्यवस्थापन विभाग रहेको छ। उक्त विभागले बैंकको सञ्चालन जोखिम, बजार जोखिम, कर्जा जोखिम तथा तरलता जोखिम अन्तर्गत जोखिम बहन क्षमता एवम् जोखिमको स्वीकारयोग्य सीमा निर्धारण गर्ने कार्य गर्दै आएको छ। यसका साथै उक्त विभागले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन, दबाब परीक्षण मार्गदर्शन तथा अन्य नीति, निर्देशन बमोजिमका कार्यहरु गर्दै आएको छ।

प्रभावकारी जोखिम व्यवस्थापनका लागि सञ्चालक सदस्य संयोजक र जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिव रहने गरी जोखिम व्यवस्थापन समिति गठन गरिएको छ। उक्त समितिले बैंकिङ्ग कारोबारमा अन्तर्निहित विभिन्न जोखिमको निरन्तर रुपमा अनुगमन गरी सो को व्यवस्थापनका लागि सञ्चालक समितिलाई राय सुझाव दिने गरेको छ।

बैंकको समग्र जोखिम व्यवस्थापनका लागि उत्तरदायी सञ्चालक समितिले खास महत्वका मूलभूत जोखिमको सामना गर्न आवश्यक नीति, कार्यविधि तथा निर्देशनहरुको तर्जुमा साथै समयानुकूल पुनरावलोकन गर्ने कार्य जोखिम व्यवस्थापन समितिको सिफारिसमा नियमित रुपमा गरिरहेको छ।

## १७. सम्पत्ति शुद्धीकरण निवारण :

बैंकले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएका सिफारिसको परिपालनामा सदैव जोड दिँदै आएको छ।

यसै अनुरुप बैंकमा रहेको कम्प्लायन्स विभागले प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरुका आधारमा आन्तरिक नीति, नियम, निर्देशनको तर्जुमा गरी ग्राहक पहिचान तथा सम्पुष्टि, जोखिम पहिचान, मूल्याङ्कन र व्यवस्थापन, सीमा कारोबार तथा शंकास्पद कारोबारको पहिचान, अनुगमन तथा रिपोर्टिङ्ग, विभिन्न निकायहरुबाट अध्ययन र अनुसन्धानका क्रममा माग गरिएका सूचनाहरु उपलब्ध गराउने, नियमनकारी निकाय र अन्य प्रचलित कानूनमा भएका व्यवस्थाहरुको अनुपालना गराउने जस्ता कार्यहरु निरन्तर गरिरहेको छ।

त्यस्तै, प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप सञ्चालक सदस्य संयोजक र कार्यान्वयन अधिकारी सदस्य सचिव रहने गरी बैंकमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरिएको छ। उक्त समितिले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा बैंकको आन्तरिक नीति, कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तताका साथै नीतिगत एवम् प्रक्रियागत पक्षमा गर्नुपर्ने सुधारहरु गर्न सञ्चालक समिति मार्फत व्यवस्थापनलाई निर्देशन दिने गरेको छ।

## १८. मानव संशाधन :

हरेक आर्थिक वर्षका लागि सञ्चालक समितिबाट स्वीकृत पदपूर्ति योजना अनुरुप बैंकलाई आवश्यक जनशक्तिको संख्या निर्धारण गरी आवश्यकता भन्दा कम देखिएमा श्री लोक सेवा आयोगको प्रत्यक्ष संलग्नतामा कर्मचारी भर्ना गर्ने कार्य गर्ने गरिएको छ। यसरी छनोटको प्रकृया आफैंमा पारदर्शी तथा निष्पक्ष रहने गरेको छ।

बैंक सेवामा रहेका उच्चतम शैक्षिक योग्यता भएका कर्मचारीहरुको औषत उमेर ३६ वर्ष रहेको छ। हाल कार्यरत अधिकांश जनशक्तिको अधिकतम सेवा अवधि १८ वर्ष रहेको छ। बैंकमा विभिन्न तह/पदमा गरी २०७९ आषाढ मसान्तमा २४२९ कर्मचारीहरु कार्यरत रहेका छन्। जसमध्ये ४०.४९ प्रतिशत महिला जनशक्ति र ५९.५१ प्रतिशत पुरुष जनशक्ति कार्यरत रहेका छन्। त्यसैगरी, सुरक्षा तथा सरसफाई लगायतका कार्यहरुका लागि व्यक्तिगत तथा संस्थागत सेवा करारमा ७८२ कर्मचारीहरुले बैंकमा सेवा गरिरहेका छन्।

बैंकको विद्यमान कर्मचारी सेवा विनियमावलीलाई पुनर्लेखन गर्ने कार्य तथा लामो समयदेखि पुनरावलोकन हुन नसकेका कर्मचारीहरुको सेवा, सुविधा तथा भत्ताहरु पुनरावलोकन गर्ने कार्य समीक्षा वर्षमा सम्पन्न भई नयाँ कर्मचारी सेवा विनियमावली २०७९ श्रावण १ गतेदेखि लागू भएको छ।

बैंकमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै कार्य कुशलता तथा व्यवस्थापकीय सीप बढाउन तालिम तथा विकास डिभिजनले विभिन्न आन्तरिक तालिम कार्यक्रम सञ्चालन गरी उत्प्रेरणा जगाउने कार्य गर्दै आएको छ। यसको अलावा समीक्षा वर्षमा विभिन्न इन्ष्टिच्युटहरुको संयोजकत्वमा आयोजना भएका ९४ वटा स्वदेशी तथा विदेशी तालिम कार्यक्रममा ८१० जना कर्मचारीहरुलाई सहभागी गराइएको छ।

## १९. संस्थागत सामाजिक उत्तरदायित्व :

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप हरेक वर्षको खुद मुनाफाको १ प्रतिशत बराबरको रकम संस्थागत सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्टयाउने गरेको छ। यसरी छुट्टयाएको रकम अर्को आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी नीतिले निर्देश गरे अनुरुप विभिन्न सामुदायिक हितका गतिविधिहरुमा खर्च गर्ने गरिएको छ।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरुको प्रभावकारी सञ्चालन, नियमन तथा अनुगमनका लागि नायब प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा एक संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी समिति कार्यान्वयनमा रहेको छ। उक्त समितिले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी प्रस्तावहरुको मूल्याङ्कन गरी खर्च गर्न उचित देखिएमा खर्चका लागि सिफारिस गर्ने गरेको छ। बैंकले आर्थिक वर्ष २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कुल रु.२ करोड ६३ लाख ६१ हजार खर्च गरेको छ।

